# मालिकार्जुन गाउँपालिका
## Malikarjun Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive

प.सं. २०८१/८२
च.नं.

शंकरपुर, दार्चुला
सुदूरपश्चिम, नेपाल

मितिः२०८१।११।०१

**शैक्षिक सत्र २०८१ सालको आधारभूत तह (कक्षा ८) को वार्षिक परीक्षाको समय तालिका सम्बन्धी सूचना !**

मालिकार्जुन गाउँपालिकाको आधारभूत तह (कक्षा ८) को परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०८१।१०।३० गतेको निर्णयानुसार शैक्षिक सत्र २०८१ सालको आधारभूत तह कक्षा ८ को वार्षिक परीक्षा तपसिलबमोजिमको समय तालिका अनुसार सञ्चालन गर्ने/गराउने निर्णय भएकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नर बहादुर ठेगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | विषय | मिति | समय |
|---|---|---|---|
| १ | अंग्रेजी | २०८१ साल फागुन २५ गते आइतबार | बिहान ८:०० बजेदेखि |
| २ | नेपाली | २०८१ साल फागुन २६ गते सोमबार | |
| ३ | सामाजिक अध्ययन तथा मानवीय मूल्य | २०८१ साल फागुन २७ गते मंगलबार | |
| ४ | स्वास्थ्य तथा शारीरिक | २०८१ साल फागुन २८ गते बुधबार | |
| ५ | गणित | २०८१ साल चैत्र १ गते शुक्रबार | |
| ६ | विज्ञान तथा प्रविधि | २०८१ साल चैत्र ३ गते आइतबार | |
| ७ | हाम्रो मालिकार्जुन | २०८१ साल चैत्र ४ गते सोमबार | |

**पुनश्चः**

१. परीक्षा केन्द्रहरुको विवरण पछि छुट्टै सूचना मार्फत् जानकारी गरिनेछ।
२. परीक्षार्थीले तोकिएका परीक्षा केन्द्रहरुबाट मात्र परीक्षा दिनुपर्नेछ।
३. प्रत्येक विषयको परीक्षामा सामेल हुने विद्यार्थीको हाजिरी गराई उत्तरपुस्तिका निरीक्षक र केन्द्राध्यक्षबाट प्रमाणित गराउनु पर्नेछ।
४. सम्बन्धित विषय अध्यापन गर्ने शिक्षकलाई निरीक्षक राख्न पाइने छैन।
५. परीक्षाको कुनै दिन आकस्मिक विदा पर्न गएमा परीक्षा समितिको पूर्व सूचना बिना परीक्षा स्थगित गरिने छैन।
६. आन्तरिक मूल्याङ्कनको सम्बन्धमा विद्यालयले मिति २०८१।११।१५ गतेभित्र उपस्थिति बापत ४ अंक, प्रयोगात्मक कार्य/परियोजना कार्य बापत ३६ अंक र त्रैमासिक परीक्षाको अंक बापत १० अंक एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) मा Manage Exam Tab को Mark entry Grade 8 Final मा प्रविष्टी गरी सोको प्रमाणित हार्डकपी शिक्षा शाखामा पेस गर्नुपर्नेछ।
७. परीक्षा समिति र यस कार्यालयले दिएका निर्देशनहरु पालना गर्नु/गराउनु पर्नेछ।
८. आधारभूत तह उत्तीर्ण परीक्षा सम्बन्धी थप जानकारी आवश्यक भएका ९८४८७६२५३० र ९८४८७७८६१६ मा सम्पर्क गर्न सकिनेछ।

नोटः- कक्षा ५ र ८ बाहेकका अन्य कक्षाहरुको परीक्षा समेत मिति २०८१।११।२५ गतेबाट सम्बन्धित विद्यालयले नै परीक्षा सम्बन्धी आवश्यक व्यवस्थापकीय प्रबन्ध मिलाई परीक्षा सञ्चालन गर्नहुन अनुरोध छ।

**बोधार्थ/अवगतार्थ/कार्यार्थः**

श्रीमान् अध्यक्षज्यू/उपाध्यक्षज्यूः जानकारीको लागि सादर अनुरोध छ।

श्री सूचना प्रविधि शाखाः वेबसाइट र फेसबुक पेजमा सूचना प्रेषित हुन।



CamScanner

# मालिकार्जुन गाउँपालिका
# Malikarjun Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of Rural Municipal Executive

प.सं. २०८१/८२
च.नं.

शंकरपुर, दार्चुला
सुदूरपश्चिम, नेपाल

मितिः२०८१।११।०१

**शैक्षिक सत्र २०८१ सालको आधारभूत तह (कक्षा ५) को वार्षिक परीक्षाको समय तालिका सम्बन्धी सूचना !**

मालिकार्जुन गाउँपालिकाको आधारभूत तह उत्तीर्ण परीक्षा समितिको मिति २०८१।१०।३० गतेको निर्णयानुसार शैक्षिक सत्र २०८१ सालको आधारभूत तह कक्षा ५ को वार्षिक परीक्षा तपसिलबमोजिमको समय तालिका अनुसार सञ्चालन गर्ने/गराउने निर्णय भएकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नर बहादुर ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | विषय | मिति | समय |
|---|---|---|---|
| १ | गणित | २०८१ साल फागुन २५ गते आइतबार | बिहान ८:०० बजेदेखि |
| २ | सामाजिक अध्ययन तथा मानवीय मूल्य | २०८१ साल फागुन २६ गते सोमबार | |
| ३ | नेपाली | २०८१ साल फागुन २७ गते मंगलबार | |
| ४ | हाम्रो मालिकार्जुन | २०८१ साल फागुन २८ गते बुधबार | |
| ५ | विज्ञान तथा प्रविधि | २०८१ साल चैत्र १ गते शुक्रबार | |
| ६ | अंग्रेजी | २०८१ साल चैत्र ३ गते आइतबार | |
| ७ | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | २०८१ साल चैत्र ४ गते सोमबार | |

**पुनश्चः**

१. सम्बन्धित विद्यालयमा नै परीक्षा केन्द्रहरु कायम गरिएका छन् ।
२. परीक्षार्थीले तोकिएका परीक्षा केन्द्रहरुबाट मात्र परीक्षा दिनुपर्नेछ।
३. प्रश्नपत्र बाहेक अन्य सम्पूर्ण परीक्षासँग सम्बन्धित कार्यको व्यवस्थापन सम्बन्धित विद्यालयले गर्नेपर्ने छ।
४. परीक्षासँग सम्बन्धित सम्पूर्ण कार्यहरु एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) मा रहेर गर्नुपर्नेछ।
५. परीक्षाको कुनै दिन आकस्मिक विदा पर्न गएमा परीक्षा समितिको पूर्व सूचना बिना परीक्षा स्थगित गरिने छैन।
६. परीक्षा समिति र यस कार्यालयले दिएका निर्देशनहरु पालना गर्नु/गराउनु पर्नेछ।
७. आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ५) सम्बन्धी थप जानकारी आवश्यक भएका ९८४८७६२५३० र ९८४८७७८६१६ मा सम्पर्क गर्न सकिनेछ।

नोटः- कक्षा ५ र ८ बाहेकका अन्य कक्षाहरुको परीक्षा समेत मिति २०८१।११।२५ गतेबाट सम्बन्धित विद्यालयले नै परीक्षा सम्बन्धी आवश्यक व्यवस्थापकीय प्रबन्ध मिलाई परीक्षा सञ्चालन गर्नहुन अनुरोध छ।

**बोधार्थ/अवगतार्थ/कार्यार्थः**

श्रीमान् अध्यक्षज्यू/उपाध्यक्षज्यूः जानकारीको लागि सादर अनुरोध छ।
श्री सूचना प्रविधि शाखाः वेबसाइट र फेसबुक पेजमा सूचना प्रेषित हुन।

मालिकार्जुन गाउँपालिका
Malikarjun Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive

प.सं. २०८१/८२
च.नं.

शंकरपुर, दार्चुला
सुदूरपश्चिम, नेपाल

मिति:२०८१।११।०१

**शैक्षिक सत्र २०८१ सालको आधारभूत तह (कक्षा ८) को वार्षिक परीक्षाका लागि आवेदन फाराम भर्ने/भराउने सम्बन्धी सूचना !**

मालिकार्जुन गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा चालु शैक्षिक सत्रमा कक्षा ८ मा अध्ययनरत तथा शैक्षिक सत्र २०८१ को वार्षिक परीक्षामा सहभागी हुने नियमित परीक्षार्थीहरुको आवेदन फाराम भर्न/भराउन हुन यो सूचना प्रकाशित गरिएको छ। साथै परीक्षा आवेदन फाराम भराई बुझाउँदा देहायबमोजिम गर्न हुन समेत जानकारी गराइन्छ।

नर बहादुर ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

**देहायः**

१. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली(EMIS) को आफ्नो विद्यालयको प्रोफाइलमा गई Student Record मेन्युमा Click गरी Student Information सब-मेन्युमा जाने। त्यहाँ साल र कक्षा छानेर लोड गरिसकेपछि विद्यार्थीको विवरण खुल्नेछ। हरेक विद्यार्थीको दायाँतिरको छेउमा रहेको Action मा गएर विद्यार्थीको वैयक्तिक विवरण जन्मदर्ताको प्रमाणपत्र अनुसार मिलाई अद्यावधिक गर्ने। साथै अन्त्यमा विद्यार्थीको हालसालै खिचेको पासपोर्ट साइजको फोटा समेत अपलोड गरी अद्यावधिक गर्ने। (विद्यार्थीको परीक्षा आवेदन फाराम, प्रवेश पत्र, ग्रेड सिट लगायतको ठाँउमा समेत उक्त फोटा आउने)

२. क्रम संख्या १ को कार्य सम्पन्न गरिसकेपछि Manage Exam Tab मा जाने। उक्त ट्याब भित्र रहेको Application Form Tab मा Click गरेर विद्यार्थीको विवरण पुनः रुजु गरी आवेदन फाराम प्रिन्ट गर्ने।

३. आवेदन फाराम प्रिन्ट गरिसकेपश्चात् फाराममा सम्बन्धित विद्यार्थी र अभिभावकको हस्ताक्षर गराई प्रधानाध्यापले प्रमाणित गरी मिति २०८१ फागुन १५ गतेभित्र शिक्षा युवा तथा खेलकुद शाखामा पेस गरिसक्ने।

४. आवेदन फाराम शिक्षा शाखामा पेस गर्दा सम्बन्धित विद्यालयको कभर लेटरका साथै विद्यार्थीको अंग्रेजी नामको Alphabetical Order मा समष्टीगत फाराम निर्माण गरी पेस गर्नुपर्नेछ।

५. शिक्षा युवा तथा खेलकुद शाखाबाट विद्यार्थीको सिम्बोल नम्बर कायम गरिसकेपछि आधारभूत तह उत्तीर्ण परीक्षाको प्रवेश पत्र प्रिन्टका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली(EMIS) को आफ्नो विद्यालयको प्रोफाइलमा गई Manage Exam Tab भित्र Admit Card मा गई साल र कक्षा राखेर लोड गरी दुई प्रति प्रिन्ट गर्ने र सम्बन्धित विद्यार्थी तथा प्रधानाध्यापकले हस्ताक्षर गरी/गराई प्रमाणीकरणको लागि शिक्षा शाखामा पेस गर्ने (पेस गर्ने समयावधिको सम्वन्धमा पछि जानकारी गराइने)।

६. परीक्षा सम्बन्धी अन्य थप जानकारी पछि प्रकाशन गरिनेछ। आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८) सम्बन्धी थप जानकारी आवश्यक भएका ९८४८७६२५३० र ९८४८७७८६१६ मा सम्पर्क गर्न सकिनेछ।

**बोधार्थ/अवगतार्थ/कार्यार्थः**

श्रीमान् अध्यक्षज्यू/उपाध्यक्षज्यूः जानकारीको लागि सादर अनुरोध छ।

श्री सूचना प्रविधि शाखाः वेबसाइट र फेसबुक पेजमा सूचना प्रेषित हुन।



CamScanner